# कालीगण्डकी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यलय
# विर्घा, स्याङ्जा

# कालीगण्डकीका नागरिकहरुमा लागि निःशुल्क बिमा कार्यविधि २०८०

“कालीगण्डकीका नागरिकहरुमा लागि निःशुल्क बिमा कार्यविधि २०८०”

**प्रस्तावना:** नेपालको संविधानले जनताहरूलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्ने व्यवस्था मिलाएको छ । जसलाई कालीगण्डकी गाउँपालिकाले आफ्नो दायित्व स्वीकार गरी कालीगण्डकी भित्रका सवै नागरिकहरूलाई निःशुल्क बिमा सेवा प्रदान गरी नीजहरुको आय आर्जनमा सहयोग गर्न बान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी कालीगण्डकी गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भ** (१) कार्यविधिको नाम “कालीगण्डकीका नागरिकहरुमा लागि कालीगण्डकीका नागरिकहरुमा लागि निःशुल्क बिमा सेवा प्रदान कार्यविधि २०८०”रहेको छ ।

(२) यो कार्यविधि कालीगण्डकी गाउँ कार्यपालिकाबाट स्वीकृत भए पश्चात प्रारम्भ हुनेछ ।

१. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) कार्यक्रम भन्नाले कालीगण्डकी गाउँपालिका भित्रका नागरिकहरूलाई कालीगण्डकी गाउँपालिकाबाट दिइने निःशुल्क बिमा सेवा कार्यक्रम सम्झनु पर्छ।

(ख) आधारभूत स्वास्थ्य सेवा भन्नाले जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ उपदफा ४ बमोजिम खोप सेवा, एकीकृत नौजात शिशु तथा बालरोग व्यवस्थापन सेवा, पोषण सेवा, परिवार नियोजन सेवा साथै रोकथाम, प्रवर्द्धन र उपचारात्मक सेवालाई सम्झन पर्छ ।

(ग) बिरामी भन्नाले कुनै पनि रोगका कारण मानिसको शारीरिक, मानसिक तथा सामाजिक स्वास्थ्यमा आउने खराबी वा दैनिक जीवनमा असहज परिस्थिति सिर्जना हुने अवस्थालाई सम्झनु पर्छ ।

(घ) गाउँपालिका भन्नाले कालीगण्डकी गाउँपालिका स्याङ्जालाई सम्झनु पर्छ ।

(ङ) उपचार भन्नाले कुनै पनि बिरामीको रोग निको पार्नका लागि दक्ष चिकित्सक तथा स्वास्थ्यकर्मीहरू द्वारा स्वास्थ्य परीक्षण गरी बिरामीको आवश्यकता अनुसार सिफारिस गरिएको औषधि साथै परामर्शलाई सम्झनु पर्छ ।

(च) औषधि भन्नाले कुनै पनि रोगको रोकथाम, निदान तथा उपचारका लागि प्रयोग गरिने रसायनिक तथा विभिन्न जडीबुटीबाट तयार पारिएको पदार्थलाई सम्झन पर्छ ।

(छ) प्रोसिजर भन्नाले बिरामीहरूको आवश्यकता अनुसार गरिने घाउहरूको सरसफाई, चिरफार, हड्डीहरू भाँचिएको वा सड्केमड्केकोका लागि प्लास्टर तथा काप्रो बाँध्नु साथै सुई लगाउने जस्ता प्रक्रियाहरुलाई सम्झनु पर्छ ।

(ज) रजिष्ट्रेशन भन्नाले बिरामी तथा सेवाग्राहीहरूको नाम ठेगाना फोन नम्बर तथा उनीहरूले अस्पतालबाट लिएको सेवाहरूको अभिलेखलाई सम्झनुपर्छ।

(झ) प्रयोगशाला सेवा भन्नाले कुनै पनि रोग पत्ता लगाउनको लागि रगत दिशा पिसाब परीक्षणलाई सम्झनु पर्छ ।

(ञ) बिमा भन्नाले कालीगण्डकी गाउँपालिकाद्धारा नागरिकलाइ गरिएको स्वास्थ्य बिमा सम्झनु पर्दछ ।

(ट) कालीगण्डकी गाउँपालिका बासी भन्नाले कालीगण्डकी गाउँपालिकामा स्थायी बसोबास गर्ने नागरिकहरुलाई सम्झनु पर्छ ।

(ठ) अस्पताल भन्नाले कालीगण्डकी गाउँपालिकाद्वारा सञ्चालित कालीगण्डकी गाउँपालिका वडा नम्बर ७ मिर्मी स्थित रहेको कालीगण्डकी अस्पताललाई सम्झनु पर्छ ।

(ड) समिति भन्नाले कालीगण्डकी अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(ण) सेवा प्रवाह भन्नाले यस कार्यविधि बमोजिम कालीगण्डकी अस्पतालबाट दिइने सबै प्रकारका स्वास्थ्य सेवाहरूलाई सम्झनु पर्छ ।

**२. कार्यविधिको उद्देश्य:** कार्यविधिको उद्देश्य देहाएबमोजिम रहेको छ ।

(क) कालीगण्डकी गाउँपालिकाका स्थायी बसोबास गरेका सबै नागरिकहरुले आर्थिक अभावका कारण आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित नगराउने ।

(ख) निशुल्क बिमा सेवा प्राप्त गर्ने नागरिकहरूको हकलाई कार्यान्वयन गर्ने ।

(ग) कालीगण्डकी अस्पतालमा सर्वसुलभ रुपमा उपचारको पहुँच पुर्याई नागरिकहरूको जीवन रक्षा गर्ने ।

**३. निःशुल्क उपचार प्रथम सेवा केन्द्र सञ्चालन हुने स्थान:**

(क) कालीगण्डकी गाउँपालिकाद्वारा सञ्चालित कालीगण्डकी अस्पतालमा प्रथम केन्द्र राखि निःशुल्क बिमा सेवा उपलब्ध हुनेछ

**४. निःशुल्क बिमा रकम भुक्तानी:**

**क** कालीगण्डकी गाउँपालिका भित्र रहेका बिमा अभिकर्ताबाट पेश गरेका बिमितहरुको रकम स्वास्थ्य बिमा बोर्डको खातामा जम्मा गरिने छ । साथै बिमा बापतको रकम कालीगण्डकी गाउँपालिकाको गाउसभाबाट बिनियोजन गरी भुक्तानी गरिने छ ।

**५.** बिमा अभिकर्ताबाट तोकिएको म्याद भित्र कार्यालयमा कागजातहरु पेश गर्नु पर्ने छ ।

**६. अनुगमन, मूल्याङ्कन र अभिलेखन:** (१) गाउँपालिकाले निःशुल्क बिमा सेवा सम्बन्धी कार्यको अनुगमन देहाएबमोजिमको समितिले गर्नेछ ।

| | |
|---|---|
| संयोजक | गाउँपालिका अध्यक्ष |
| सदस्यः | गाउँपालिका उपाध्यक्ष |
| सदस्यः | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्यः | सामाजिक बिकास समिति संयोजक |
| सदस्य सचिवः | स्वास्थ्य संयोजक |

(२) निःशुल्क स्वास्थ्य बिमाको समिक्षा गर्ने, आवश्यक बजेटको लागी गाउँपालिका समक्ष पेश गर्ने, प्रकृया भन्दा बाहिरका आवेदनहरुलाइ हटाउने ।

७ निःशुल्क स्वास्थ्य बिमा कार्यक्रममा लक्षित बर्गः कालीगण्डकी गाउपालिकामा स्थायी बसोबास भएको नेपाली नागरिक हुनु पर्ने छ ।

८ बिमितले नेपाल सरकार स्वास्थ्य बिमा बोर्डको बिमा लेख फाराम बमोजिमको निवेदन पेश गर्नु पर्नेछ ।

१८७२१९६

**७. बाधा अड्काउ फुकाउन सक्ने:** यस कार्यविधि कार्यान्वयनमा कुनै पनि बाधा अड्काउ परे त्यस्तो बाधा अड्काउ परेमा कालीगण्डकी गाउँपालिका गाउँ कार्यपालिकाले फुकाउन सक्नेछ।

**८. व्याख्या तथा संशोधन:** आवश्यकताका आधारमा कालीगण्डकी गाउँ कार्यपालिकाले यस कार्यविधिको व्याख्या र संशोधन गर्न सक्नेछ।

**९. यसै बमोजिम भए गरेको मानिने:** यो कार्यविधि स्वीकृत तथा प्रारम्भ हुनुपूर्व भए गरेका क्रियाकलापहरू यसै कार्यविधि अनुरूप भए गरेको मानिनेछ।

अनुसुचि (१)

दफा (४) को ख सँग सम्बन्धित

**कालीगण्डकीबासी जनताहरुलाई ................ साल......................................................... महिनामा निशुल्क उपचार गरिएको** रजिष्ट्रेशन **तर्फको विवरण**

| क्र. सं. | विरामीको नाम | उमेर | ठेगाना | रोग | सेवाको विवरण | लागत रकम | रिसेप्शनिस्टको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**तयार गर्ने............................पेस गर्ने.....................................सिफारिस गर्ने ............................प्रमाणित गर्ने ...........................**

**मिति मिति मिति मति .**

रिवनारायण

अनुसुचि (२)

दफा (४) को ख सँग सम्बन्धित

**कालीगण्डकीबासी जनताहरुलाई फार्मेसीबाट ............... साल......................... महिनामा निशुल्क उपचार गरिएको विवरण**

| क्र. सं. | विरामीको नाम | उमेर | ठेगाना | रोग | औषधिको नाम | औषधि परिमाण | लागत रकम | वितरण गर्नेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्ने........................... पेस गर्ने.............................. सिफारिस गर्ने ............... प्रमाणित गर्ने ............................

मिति मिति मिति मति